म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १०७ बुधबार, १७ मंसिर २०८२ ने. सं. ११४६ कछलागा 3 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीमफेदीका भीम र गढीका कुमार गाँजासहित पक्राउ

हेटौंडा, १६ मंसिर/पर्सा प्रहरीले एक क्विन्टल चार किलोग्राम गाँजासहित दुईजनालाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीले विशेष सूचनाका आधारमा जाँच गर्दा पर्साको मनवाबाट रंगपुरतर्फ जाँदै गरेको बिएबी ९३९८ नम्बरको कारमा लुकाइराखेको १०४ किलोग्राम गाँजा बरामद गरेको हो ।

पर्सा प्रहरीप्रवक्ता राजु कार्कीले गाँजासहित मकवानपुर जिल्ला भीमफेदी गाउँपालिका-८ का भीम स्याङ्तान (चालक) र मकवानपुरगढी गाउँपालिका-१ का ३८ वर्षीय कुमार स्याङ्तानलाई पक्राउ गरेको जानकारी दिए । दुवैजनामाथि लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको उनले बताए ।

### सडक विस्तारको विरोध: स्थानीय घरधनीले व्यवसाय बन्द गराए

# उपमहानगरको विकल्प: बसपार्क, तरकारी फलफूल बजार र नारायणी मल

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मंसिर २० गतेदेखि हेटौंडामा हुन लागेको २५ गज सडक विस्तारको विरोधमा स्थानीय घरधनीले मंगलबार प्रभावित क्षेत्रका व्यवसाय बन्द गराएका छन् ।

सडक डिभिजन कार्यालय हेटौंडाले राजमार्गको केन्द्रबाट दायाँ-बायाँ २५/२५ गज सडक विस्तारको तयारी तीव्र पारेपछि आक्रोशित घरधनीले विरोधस्वरुप व्यवसाय बन्द गराउँदै हिडेका थिए । मंगलबार बिहानैदेखि घरधनीले प्रभावितक्षेत्रका व्यवसायीलाई व्यापार व्यवसाय बन्द गर्न आग्रह गर्दै हिँडेका थिए । सडक सीमाभित्र पर्ने घर भत्काउने सरकारी सूचनाको विरोध गर्दै स्थानीयले हेटौंडाको मुख्य बजार क्षेत्रमा प्रदर्शन गरेका छन् । बुद्धचोकमा कोणसभामा परिणत भएको प्रदर्शनमा बोल्दै पीडित घर धनीले राज्यले जनतालाई सुकुम्बासी बनाउन नपाउने धारणा राखेका थिए ।

उनीहरुले मकवानपुर उद्योग वाणिज्य संघलगायत संघसंस्था मौन बसेको आरोप पनि लगाएका छन् । घरधनीले सडकको चौडाइ १६ मिटर कायम गरिनुपर्ने वा बाइपास सडक प्रयोग गरिनुपर्ने माग राख्दै आएका छन् । सडक विस्तार गरिएमा भने उचित मुआब्जा पाउनुपर्ने उनीहरुको माग छ । बिहान केही समय खुलेका पसललाई पनि घरधनीको समूहले सटर झार्न लगाएपछि राप्तीरोड, बैंकरोड, पिपलबोटक्षेत्रका व्यवसाय पूर्णरुपमा ठप्प बनेको छ । घरधनीले अनिश्चित कालका लागि व्यवसाय बन्द गर्न भनेका छन् ।




यता प्रभावित क्षेत्रका व्यवसायी भने राज्य र घरधनी दुबैबाट दोहोरो मारमा परेको गुनासो गरेका छन् । उनीहरुले सेलमा सामग्री बिक्री गरेर भएपनि तोकिएको समयसम्म सटर खाली गर्ने तयारीमा रहेपनि घरधनीले व्यवसाय बन्द गरेर विरोधमा उत्रिन आव्हान गर्दा आफूहरु अप्ठ्यारोमा परेको बताएका छन् । यद्यपि केही समय बन्द गरेर पछि फेरि व्यवसायीले पसल खोलेर सामान सेलमा बिक्री गरेका थिए ।

तनाव बढ्न नदिन जिल्ला प्रशासन कार्यालय मकवानपुरले बजारक्षेत्रमा बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको थियो । शान्तिपूर्ण विरोध गर्न पाइने भएपनि जबरजस्ती पसल बन्द गराउनु गैरकानुनी भएको प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए । उनले यस्तो गतिविधिमा संलग्नलाई कारबाही गर्ने चेतावनी दिए । अधिकारीका अनुसार बजार व्यवस्थापनका विषयमा व्यवसायी र घरबेटी गरी दुईपक्ष देखिन थालेका छन् । प्रशासनले २० गतेसम्मको समयसीमा तोके पनि केही घरबेटीले व्यापारीलाई अनावश्यक दबाब दिइरहेको उनले बताए । जबरजस्ती बन्द गराउने तथा धम्की दिने समूहको निगरानीका लागि सादा पोसाकमा प्रहरी परिचालन गरिएको छ ।


**सडक विस्तारबाट विस्थापित व्यवसायीलाई व्यवस्थापन गर्न सकिन्छ: उपमहानगर**

सडक डिभिजन हेटौंडाले २५ गज सडक बिस्तार गर्दा हेटौंडा उपमहानगरपालिकाले बिस्थापित हुने व्यवसायीलाई बजारक्षेत्रमा व्यवस्थापन गर्न सकिने जनाएको छ । विस्थापित व्यवसायीलाई हेटौंडा बसपार्कमा रहेका ४० वटा सटरमा राख्न सकिने र यसका लागि मकवानपुर उद्योग वाणिज्य संघको समन्वय हुनसक्ने बताइएको हो ।

यस्तै, हेटौंडा-११ स्थित तरकारी फलफूल तथा थोकबजारका लागि निर्माण भएका ६० वटा कोठामा विस्थापित व्यवसायीलाई राख्न सकिने उपमहानगरपालिकाले जनाएको छ । भूटनदेवी माध्यमिक विद्यालयले निर्माण गरेका खाली सटरमा व्यवस्थापन गर्न सकिनेबारे उपमहानगरले छलफल गरेको छ । धेरैजसो व्यवसायीले हेटौंडा बजार क्षेत्रमा २ वटा पसल राखेर व्यवस्थापन गरिसकेको उपमहानगर पालिकाको दाबी छ । बजारक्षेत्र भत्कने हल्लासँगै लामो समयदेखि खाली रहेको नारायणी मलसमेत व्यवसायीले बुक गरिसकेका छन् । बजारक्षेत्रमा खाली रहेका सुपर मार्केटमा व्यवसायीलाई व्यवस्थापन गर्न सकिने बताइएको छ ।

विस्थापित व्यवसायीको पुन:स्थापनामा आवश्यक सहयोग र समन्वय गर्न मकवानपुर उद्योग वाणिज्य संघलाई हेटौंडा उपमहानगरपालिकाले आग्रह गरेको छ । सडक डिभिजन हेटौंडाले मंसिर ५ गते १५ दिने सूचना जारी गर्दै मंसिर २० गतेदेखि हेटौंडाको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र बुद्धचोकदेखि सामरीसम्मका ५ सय ३१ घर टहरा हटाउने तयारी गरेको छ । घरटहरा भत्काउन आवश्यक बन्दोबस्ती गरेर सडक डिभिजनले मेनरोडका पेट्रोल पम्पलाई इन्धन बेच्नसमेत रोक लगाइसकेको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरले घरटहरा हटाउने र सडक विस्तार गर्ने कार्यमा अवरोध नगर्न अनुरोध गरिसकेको छ ।

# बागमतीमा चुनौती बन्दै नसर्ने रोग, सबैभन्दा धेरै ग्यास्ट्रिकका बिरामी



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ बागमती प्रदेशमा नसर्ने रोगको चुनौती बढ्दो छ । प्रदेश स्वास्थ्य निर्देशनालय बागमती प्रदेशका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा ग्यास्ट्राइटिसका बिरामी बढेका छन् ।

दोस्रो स्थानमा उच्च रक्तचापका बिरामी छन् । गत आर्थिक वर्षमा उच्चरक्तचाप आठौं स्थानमा थियो । ज्वरोसम्बन्धी समस्याका बिरामीको चाप तेस्रो, मधुमेहका बिरामी चौथो स्थानमा छन् । त्यसपछि क्रमश: टाउको दुखाइ, मूत्रथैलीको संक्रमण, खोकी, रिफ्राएक्टिभ केस, ब्याक पेन, दाँतको समस्या रहेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा उच्च रक्तचापका कुल ४ लाख ३० हजार ४ जना बिरामी रहेको तथ्यांक छ । यस्तै मधुमेहका २ लाख ४५ हजार ५९८ र क्यान्सरका ८५ हजार ४१२ बिरामी पहिचान भएका थिए ।

त्यसअवधिमा क्यान्सरका कारण सबैभन्दा बढी १ हजार १४ जनाको मृत्यु भएको छ भने मधुमेहबाट ४५८ जनाको मृत्यु भएको छ । बागमती प्रदेशमा मानसिक स्वास्थ्य समस्या पनि गम्भीर रुपमा देखिएको छ । कुल ४ हजार ६०३ जनाको स्क्रिनिङ गर्दा तनावका ३ हजार १३५ र आत्महत्याको सोच/प्रयासका ९१ केसहरु भेटिएका छन् । त्यसअवधिमा ३६१ जनाले आत्महत्या गरेको तथ्यांक छ । निर्देशनालयका अनुसार बागमती प्रदेशमा खोप कार्यक्रमको लक्ष्य भेटाउन मुस्किल देखिएको छ ।

बागमतीमा पूर्णखोपको कभरेज ७९.६ प्रतिशत मात्र छ । यो हाल ९५ प्रतिशत भन्दा बढी हुनुपर्ने राष्ट्रिय लक्ष्यभन्दा निकै कम हो । बीसीजी, डीपीटी, हेपबी, हिब-३, र एमआर-२ जस्ता महत्वपूर्ण खोपको कभरेज पनि लक्ष्य अनुरुप छैन । विगत तीन आर्थिक वर्षको तथ्यांकमा बागमती प्रदेशका लक्ष्य अनुसार खोप कार्यक्रमको उपलब्धि प्राप्त हुन सकेको छैन । आर्थिक वर्ष २०७९/८० मा ८८ प्रतिशत खोप कभरेज भएको बागमतीमा आर्थिक वर्ष २०८०/८१ मा ९५.८ प्रतिशत र आर्थिक वर्ष २०८१/८२ मा ७९.६ प्रतिशत लक्ष्य हासिल गरेको देखिन्छ ।

खोप कार्यक्रमलाई जनस्वास्थ्यको सबैभन्दा सफल मानिएपनि बागमती प्रदेशको उपलब्धि निराशाजनक हो । काभ्रेमा १०५ प्रतिशत, ललितपुरमा ९३ प्रतिशत खोपको उपलब्धि देखिएपनि काठमाडौंमा ६८ प्रतिशत र सिन्धुलीमा ९० प्रतिशत छ । खोप खेरजाने दर पनि उच्च देखिएको छ । बीसीजी खोपको खेरजाने दर राष्ट्रिय मापदण्ड ५० प्रतिशत भएपनि अधिकांश जिल्लामा ७० प्रतिशत भन्दा माथि छ । जसकारण खोप व्यवस्थापनमा ठुलो चुनौती देखिन्छ ।

खोपको पहिलो र अन्तिम मात्रा लगाउने बीचको छाड्ने दर पनि केही जिल्लामा लक्ष्यभन्दा १० प्रतिशत बढी देखिएको छ । खोपको भण्डारण, वितरण र व्यवस्थापनमा कमजोरी रहँदा खोप खेरजाने दर उच्चरहेको निर्देशनालयले जनाएको छ । सोही कारण खोपको पहिलोमात्रा र अन्तिममात्रा नपुऱ्याई बीचमै छाड्ने दर चितवनमा १७.२६ प्रतिशत र ललितपुरमा २१.९५ प्रतिशत छ ।

# विद्यार्थीलाई विद्यालय पोशाक वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/रोटरी क्लब अफ हेटौंडाले मकवानपुरको मनहरी गाउँपालिका-९ रजैयास्थित युवावर्षगंगा आधारभूत विद्यालयका विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरेको छ । आर्थिक अवस्था कमजोर रहेका विद्यार्थीलाई शैक्षिक अवसर सहज बनाउन तथा उनीहरुमा पढाइप्रतिको उत्साह बढाउने उद्देश्य राखी पोशाक वितरण गरिएको रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोकुल मैनालीको अध्यक्षता तथा रोटरी क्लब अफ हेटौंडाका अध्यक्ष प्रधानको प्रमुख आतिथ्यमा पोशाक वितरण भएको हो । अध्यक्ष प्रधानले विद्यालय शैक्षिक सहयोगअन्तर्गत विद्यार्थीलाई सहयोग गरिएको र यस्तो अभियानले विद्यार्थीको आत्मविश्वास वृद्धि हुने विश्वास गरे । विद्यालय पोशाक अभावकै कारण कयौं विद्यार्थी नियमित कक्षामा उपस्थित हुन नसक्ने अवस्थालाई लक्ष्य गर्दै कुल १३२ जना विद्यार्थीलाई पोशाक वितरण गरिएको क्लबका सचिव रामबहादुर थापाले जानकारी दिए । कक्षा नर्सरीदेखि आठसम्म अध्ययरत १३२ जना सबै विद्यार्थीलाई न्यानो पोशाक ट्र्याकसुट वितरण गरिएको हो ।

## मकवानपुर उद्योग वाणिज्य संघ

हेटौडा-२, चेम्बरमार्ग

### विज्ञप्ती

सडक डिभिजन कार्यालय हेटौंडाले गोरखापत्र दैनिकमा मिति २०८२ मंसिर ५ गते सूचना प्रकाशन गरी राप्तीपुलदेखि बुद्धचोकसम्म र रातोमाटेदेखि सामरी पुलसम्मको राजमार्ग खण्डको सडकको बीचबाट दायांबायां २५/२५ गज १५ दिनभित्र खाली गर्न जारी गरेको सार्बजनिक सूचनाप्रति मकवानपुर उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ । यो सूचनाले यहाँका घरधनि तथा व्यवसायीमा अन्यौलता सृजना गरेको छ । सम्मानित सर्बोच्च अदालतको आदेश कार्यान्वयन तथा नागरिकका संबैधानिक अधिकारको रक्षा गर्नु हामी सबैको कर्तब्य हो । बागमती प्रदेशको राजधानी हेटौंडाको सडक साघुरो भएको आम सर्बसाधारणको साझा धारणा र यहाँका घरधनीले मुआब्जा नपाएको यथार्थ गुनासोलाई सम्बोधन गर्दै राज्यले आृनो कानुनी दायित्व निर्बाह गर्नुपर्दछ भन्ने यस संघको निष्कर्ष छ । बजार क्षेत्रमा ब्यवसाय गरिरहेका ब्यवसायीलाई उचीत ब्यवस्थापन, घरधनीलाई मुआब्जा र क्षतिपुर्तीको ब्यवस्था गरेर मात्रै सडक बिस्तार गर्न हामी सरोकारवाला पक्षहरुलाई आग्रह गर्दछौं । सडक बिस्तार गर्दा घरबार र व्यवसाय बिहीन हुने नागरिक र ब्यवसायीलाई राज्यले उचीत ब्यवस्थापनको नीति लिनुपर्ने यस संघको ठहर छ ।

हेटौंडाको सडक बिस्तारको समस्या समाधानमा संघले स्थानीय सरकार हेटौंडा उपमपहानगर पालिका, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार, संघीय मन्त्रालयदेखि प्रधानमन्त्री कार्यालयसम्मको ध्यानाकर्षण गराईसकेको छ । बर्तमान सरकारको नेतृत्वलाई प्रत्यक्ष भेटगरी आवश्यक निकास निकाल्न पटक-पटक आग्रह सहित सरकारलाई ध्यानकर्षणपत्र समेत बुझाईएको छ । बर्तमान सरकारका भौतिक योजना मन्त्री कुलमान घिसिङ सहित नेपाल सरकारका उच्च अधिकारीहरुलाई भेट गरि समस्या समाधानको पहल पनि संघले गरेको थियो । शान्तिपुर्ण वार्ता र एक आपसको परस्पर विश्वासबाट समस्याको उचित समाधान निक्लने यस संघको विश्वास रहेको छ । मकवानपुर उद्योग वाणिज्य संघ बन्द, हडताल, हुलहुज्जत, तोडफोड जस्ता अराजक गतिबिधीमा विश्वास नगरी व्यवसायीको हितमा निरन्तर बिधीसम्मत तबरबाट लागिरहने स्पष्ट गराउँदछौं । मकवानपुर उद्योग वाणिज्य संघ यहाँका ब्यवसायी, नागरिक र मकवानपुरको समग्र विकासको मुद्दालाई सम्बोधन गर्न तीनै तहका सरकारलाई गम्भीरता पुर्वक ध्यानाकर्षण गराउन चाहान्छौं ।

**प्रमोद सिंह रानाभाट**
अध्यक्ष
२०८२ मंसिर १६

## गोदाम भाडामा

हेटौंडा-२ संगमचोक फापरबारी बसपार्कसँगै कम्पाउण्ड सहित सटर गोदाम भाडा उपलब्ध छ । भाडामा लिन ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८५५०६७१०१**

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
|---|---|
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

**सम्पर्क नं. ९८५५०७२१०९**

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सीमान्तकृतको स्वास्थ्य बीमा

सरकारले स्वास्थ्य बीमाको कार्यक्रम संचालनमा ल्याएपछि बिपन्न परिवारको सदस्यले स्वास्थ्यउपचारमा निकै राहत पाएका छन् । नागरिकको स्वास्थ्यउपचारको अधिकारलाई स्वास्थ्य बीमाले सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । बागमती सरकारले प्रदेशमा रहेका सीमान्तकृत र अल्पसंख्यक समुदायका नागरिकको नि:शुल्क स्वास्थ्य बीमाको प्रक्रिया अगाडि बढाएको छ । प्रदेश सरकारले चालू आर्थिक वर्षमा साढे ११ करोड रुपैयाँभन्दा बढी खर्च गरेर प्रदेशका विभिन्न जिल्लामा बसोबास गर्ने सीमान्तकृत र अल्पसंख्यक समुदायका मानिसको बीमा प्रक्रिया अगाडि बढाएको जनाएको छ । स्वास्थ्य बीमा नभएका कारण औषधिउपचार गर्दा महँगो रकम तिर्नुपर्ने, पैसा अभावकै कारण उपचार पाउन समस्या हुने भएकाले प्रदेश सरकारले प्रदेशमा रहेका लक्षित वर्गलाई तोकेर बीमा गरिदिने भएको हो । प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी नि:शुल्क स्वास्थ्य बीमाको काम अगाडि बढाएको छ । मन्त्रालयले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता 'ख' वर्गका व्यक्तिको स्वास्थ्य बीमा गर्न स्वास्थ्य बीमा बोर्डलाई आठ करोड १३ लाख रुपैयाँ पेस्कीसमेत प्रदान गरिसकेको छ ।

प्रदेशमा रहेका लक्षित वर्गको नि:शुल्क स्वास्थ्य बीमाका लागि चालू आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले ११ करोड ५७ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको छ । मन्त्रालयका अनुसार लक्षित वर्गमा सीमान्तकृत र लोपोन्मुख जातिमा कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, साप्चे, मेचे, कुसवाडिया छन्रु। अति सीमान्तकृत समूहअन्तर्गत चेपाङ, माझी, सियार, ल्होम, सिङ्साबा, बुदान, धानुक, सतार, संताल, झांगड, थामी, बोटे, सुनुवार र बरामु जाति छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश कार्यालय भक्तपुरसँग बीमाका लागि पुस दोस्रो साता सम्झौतामा हस्ताक्षर गरेको हो । २०८१ साउन १ गतेदेखि ०८२ असार मसान्तसम्म लागू हुने गरी स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलाल र स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश संयोजक मनोज पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार लक्षित समुदायको पहिचान गरी बोर्डका सहजकर्ताले नि:शुल्क बीमा गरिदिनेछन् । स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गर्न नेपाल सरकार र स्वास्थ्य बीमा बोर्डले तयार गरेको स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम स्वास्थ्य बीमा कार्यक्रममा आबद्धता गराइने उल्लेख छ । बीमा नियमावली, २०७५ अनुसार पाँचजनासम्म सदस्य भएको प्रतिपरिवार तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य सात सय रुपैयाँ थप गरी स्वास्थ्य बीमा गरिने उल्लेख छ । गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले प्रदेशभित्र बसोबास गर्ने लक्षित वर्गका लागि नि:शुल्क स्वास्थ्य बीमा गरेको थियो ।

मन्त्रालयले गतवर्ष बीमाका लागि पाँच करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो । गतवर्ष बीमा कार्यक्रममा सबैलाई समेट्न नसके पनि यसवर्ष कोही नछुट्ने अपेक्षा गरिएको मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. गेललाले बताए । यसवर्ष बजेट पनि बढेको र बीमा गर्ने लक्षित वर्गको संख्या पनि दोब्बरले बढ्ने अनुमान गरिएको डा. गेलालको भनाइ छ । उनका अनुसार गत आवमा प्रदेशका १३ जिल्लाका १७ हजार ८३१ लक्षित परिवार को स्वास्थ्य बीमाबापतको रकम मन्त्रालयले भुक्तानी गरेको थियो । मन्त्रालयले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नेपाल सरकारबाट ५० प्रतिशत र बागमती प्रदेश सरकारबाट बाँकी ५० प्रतिशत बीमा योगदान रकमसमेत भुक्तानी गरिदिने भएको छ । गत आर्थिक वर्षमा प्रदेशले चार जिल्लाका ६३७ परिवारको बीमा गरेको थियो । मकवानपुरका ६११, भक्तपुरका चार, ललितपुरका पाँच र चितवनका १७ परिवारको बीमा गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ मंसिर १८ गते बिहीबार ४ डिसेम्बर २०२५ । चतुर्दशी, मार्ग शुक्लपक्ष । थिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:४१ सूर्यास्त ५:०६। उँधौली पर्व । दत्तात्रय जयन्ती । य:मरी पुन्ही ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# सार्वजनिक लगानी व्यवस्थापनमा ७ सनातनी समस्या



**बाबुराम सुवेदी**

यसै पनि न्यून मात्रामा पूँजीगत खर्च र न्यून तहको कार्यसम्पादन स्तरबाट ग्रसित नेपालको सार्वजनिक लगानी यही भदौ २३ र २४ को जेनजी आन्दोलनका क्रममा तहसनहस भएको सार्वजनिक सम्पत्तिको पुन:निर्माणको आवश्यकताले झनै चुनौतीपूर्ण बनेको छ । घट्दो फिस्कल स्पेसका कारण आर्थिक, सामाजिक पूर्वाधारमा नेपाल सरकारले गर्ने पूँजीगत खर्चको विनियोजन पछिल्ला वर्षहरूमा उत्साहप्रद रहेको छैन । अहिले जेनजी आन्दोलनका नाममा करिब एक अर्ब रुपैयाँभन्दा बढी रकमको सार्वजनिक सम्पत्ति नष्ट भएको प्रारम्भिक अनुमान छ । सो सम्पत्तिको पुन:निर्माणका लागि सोको करिब दोब्बर रकम जरूरी हुन सक्छ । यस सन्दर्भमा नेपालको सार्वजनिक लगानी व्यवस्थापनका मूलभूत समस्या र 'जेनजी' आन्दोलनका क्रममा नष्ट भएको सार्वजनिक सम्पत्तिको पुन:निर्माणको चुनौतीलाई विश्लेषण गरौं ।

### समस्या तथा चुनौती

नेपालमा सार्वजनिक लगानी व्यवस्थापनको पहिलो चुनौती भनेको पूँजीगत खर्चमा न्यून लगानी हो । आर्थिक वर्ष २०८०/८१ मा तीनै तहका सरकारले गरेको कुल पूँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको केवल ८.१६ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारको यथार्थ पूँजीगत खर्च कुल गार्हस्थ्य उत्पादनको ३.६५ प्रतिशत रहेको छ । पछिल्लो पचास वर्षमा नेपाल सरकारले गरेको सार्वजनिक लगानी वार्षिक कुल गार्हस्थ्य उत्पादनको औसत ४.९८ प्रतिशत रहेको छ । पछिल्ला २० वर्षमा कुल राजस्वको करिब २९.८ प्रतिशत मात्र पूँजीगत खर्चमा उपयोग भएको छ । संघले गर्ने पूँजीगत लगानी पछिल्ला आर्थिक वर्षहरूमा घट्दै गएको छ ।

विश्व बैंकले सन् २०१९ मा गरेको नेपाल पूर्वाधार क्षेत्र सम्बन्धी अध्ययनले नेपालले आफ्नो आर्थिक वृद्धिको एउटा स्तर हासिल गर्न यस दशकमा वार्षिक कुल गार्हस्थ्य उत्पादनको कम्तीमा १०-१५ प्रतिशत सार्वजनिक लगानी गर्नुपर्ने देखाएको छ । हालको सार्वजनिक लगानीको आकार र देशको लागि आवश्यक सार्वजनिक लगानी बीचको खाडल ठूलै रहेको छ । नेपालमा पूँजीगत खर्चको कार्यसम्पादन स्तर पछिल्ला दिनहरूमा झनै दया लाग्दो रहेको छ । पछिल्ला पाँच वर्षमा संघीय सरकारको पूँजीगततर्फ बजेट विनियोजन र वास्तविक खर्च औसत ६१.६२ प्रतिशतको हाराहारीमा मात्र रहेको छ । स्थानीय तहमा पूँजीगत खर्चको मात्रा क्रमश: बढ्दै गएको छ र विनियोजनको तुलनामा खर्च प्रतिशत संघ र प्रदेशको भन्दा बढी रहेको भएता पनि गुणस्तरमा समस्या रहेका छन् ।

यस स्तरको कार्यकुशलताबाट नतिजा प्राप्ति कठिन हुन्छ । भौतिक पूर्वाधारसँग सम्बन्धित मन्त्रीहरू बजेट छलफलका बेला सिलिङ कम भयो भनी ठूलै बहस गर्दछन् तर कार्यसम्पादन स्तर भने कमजोर रहेको छ । यसले वित्तीय उत्तरदायित्वलाई पनि चुनौती दिएको छ । सबै जस्तो आयोजनाहरूमा कार्यान्वयन समय र लागत दुवै बढ्ने गरेको छ ।

तेस्रो, नेपालमा बजेटको विनियोजन कुशलताको अभावमा खर्चको उपादेयता कम हुँदै गइरहेको छ । आयोजना विश्लेषण तथा प्राथमिकीकरण नगरिएका स-साना आयोजनाहरूमा बजेट छर्ने प्रवृत्तिले कतिपय आयोजना पूरा नभई हराएर र साधन खेर जाने समस्या रहेको छ । खर्चमा दोहोरोपन र संघीयतामा गएपछि अनावश्यक स्थानमा पनि समानान्तर सडक र पुल निर्माण गर्ने होडबाजी चलेको छ । यसले अत्यावश्यक र प्राथमिकतामा पर्नुपर्ने आयोजनालाई बजेट अभाव हुने समस्या रहन्छ । आवश्यकता र प्राथमिकताका क्षेत्रमा साना आयोजनाहरूले स्थानीय समस्या र आवश्यकतालाई छिटो सम्बोधन गर्ने र अर्थतन्त्र पनि छिटो निर्माण गर्न सहयोग गर्दछन् तर कम आवश्यक स्थानमा विना प्राथमिकता साधन छर्दा आकारको लाभ छुट्ने र साधन चुहिएर जाने समस्या हुन सक्छ । तीनै तहका सरकारमा यो समस्या व्यापक रहेको छ ।

चौथो, नेपालमा भौतिक पूर्वाधार निर्माणमा गर्ने लगानीलाई बजेट छुट्याइए पनि मर्मतसम्भार र सञ्चालन खर्चलाई बेवास्ता गर्ने प्रवृत्ति रहेको छ । पूँजीगत सम्पत्तिको निर्माण पश्चात् मर्मतको अभावमा धेरै सार्वजनिक पूर्वाधार र सम्पत्तिहरू छिटो ह्रास भएका छन् भने कतिपय प्रयोग हुनसक्ने मेसिनरी औजारहरू मर्मत-सम्भारको अभावमा नष्ट भएर गएका छन् । अर्को ठूलो समस्या अर्थ मन्त्रालयले 'फिस्कल गेटकिपर' को भूमिका राम्ररी निभाउन नसक्दा विनियोजन कुशलता र बजेटको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ । नत्र विनियोजित बजेटबाट ६० प्रतिशतको हाराहारीमा मात्र खर्च हुँदा पनि पुन: उही मात्रामा रकम विनियोजन गर्दै जाने समस्या कम हुनेथियो । यसमा संस्थागत क्षमता विकासको विषय चुकेको छ ।

यी सनातनी समस्याका साथै नेपालमा 'जेनजी' विद्रोह २०८२ का क्रममा नेपालले व्यहोरेको ठूलो राष्ट्रिय सम्पत्तिको क्षति भौतिक मात्र नभएर राष्ट्रिय सुरक्षामाथिको ठूलो चुनौती हो । केन्दीय सचिवालय रहेको सिंहदरबार, संसद् भवन र सर्वोच्च अदालतलगायत तीनै तहका मुख्य प्रशासनिक भवनहरू लगायत राष्ट्रिय सम्पत्ति नष्ट भएको हुनाले ठूलो रकमको आकस्मिक दायित्व सिर्जना भएको छ । निजी लगानीको वातावरणमा परेको दीर्घकालीन नकारात्मक असर बारे त कुरै गर्नु परेन, यसमा सुधार ल्याउन दशकौं लाग्छ । प्रारम्भिक अनुमान अनुसार करिब एक सय अर्बभन्दा बढी रकमको सार्वजनिक सम्पत्ति नष्ट भएको छ । पुन:निर्माणका लागि सो सम्पत्तिको अहिलेको मूल्यभन्दा लगभग दोब्बर लाग्न सक्छ । यसका लागि साधन जुटाउने कार्य चुनौतीपूर्ण छ ।

### मूलभूत कारण

सर्वप्रथम सबैभन्दा अन्तिम समस्याबाट विषय प्रवेश गरौं । नेपालको सबैभन्दा ठूलो समस्या के हो भने यहाँ जहिले पनि आन्दोलनकारी शक्तिले राज्यसंयन्त्र विरुद्ध विरोध, आन्दोलन वा विदोह गर्दा सार्वजनिक यातायात तथा उद्योग व्यवसाय बन्द गराउने र सार्वजनिक सम्पत्ति तोडफोड गर्ने एउटा प्रवृति नै रह्यो । २०८२ सालको विदोहमा 'जेनजी' मात्र भन्दा पनि बढी समाजमा गुण्डागर्दी गर्ने उपर्द्याहाहरू र केही राजनैतिक दलका अराजक जात्था तोडफोड तथा आगजनीमा बढी संलग्न देखिन्छन् । सुरक्षा निकायको कमजोर ल्याकतको फाइदा उठाएर यूटुवरहरू र युवाहरूलाई भड्काउने भित्री तत्वहरूले योजनावद्ध रूपमा यो विनास मच्चाएको देखिन्छ । यस्तो कार्य प्रवृत्तिका रूपमा विकास हुनसक्ने हुँदा सदैव सार्वजनिक सम्पत्ति जोखिममा रहने नै भए ।

राजनैतिक आन्दोलन र यस्ता विदोह अन्यत्र पनि भएका छन् तर सार्वजनिक सम्पत्ति सामान्यतया तोडफोड गरिएका छैनन् । जस्तो कि- श्रीलंकामा राष्ट्रपति भवन आन्दोलनकारीले कब्जा गरे तर सार्वजनिक सम्पत्तिलाई तोडफोड र आगजनी गरेननन् । बंगलादेशमा पनि सार्वजनिक सम्पत्तिको यो तहको क्षति भएन । सन् २०२० मा संयुक्त राज्य अमेरिकामा राष्ट्रपति ट्रम्पका समर्थकहरूले क्यापिटल हिल (संसद् भवन) कब्जा गरे तर सम्पत्ति नष्ट गरेनन् । तर, नेपालमा भने सानो आन्दोलन भयो कि सार्वजनिक सम्पत्ति तोडफोड गर्ने प्रवृत्ति प्राकृतिक विपत्तिपछि आकस्मिक दायित्व सिर्जना गर्ने प्रमुख कारक बनेको छ । हाल यसले सार्वजनिक वित्तमा ठूलो दबाब सिर्जना गरेको छ । अब नेपालको सार्वजनिक लगानी व्यवस्थापनका सनातनी समस्याका कारकहरूको विश्लेषण गरौं ।

पहिलो कारक आयोजना विश्लेषण नगरी हचुवामा लगानी गर्ने प्रवृत्ति हो । ठूला आयोजनाहरूमा लाभ लागत विश्लेषण हुने गरे तापनि कम्तीमा आवधिक योजनाको प्राथमिकता र स्थानीय आवश्यकताका आधारमा प्रारम्भिक चरणको 'स्ट्र्याटेजिक फिट एनालाइसिस' सम्म नभएका हजारौं आयोजनामा लगानी हुने गरेको छ । जसमा कतिपय संरचना प्रयोगविहीन रहने र आंशिक मात्र प्रयोग हुने वा न्यून क्षमतामा प्रयोग हुने गरेको छ । प्रदेश र स्थानीय तहमा यो रोग अझ बढी छ ।

दोस्रो, राजनैतिक दबाबमा लाभ लागत विश्लेषण नभएका, न्यून प्राथमिकता र अनावश्यक स्थानमा समेत सडक, पुल र विमानस्थल निर्माण गर्ने र आवश्यकताभन्दा ठूला संरचना बनाउने समस्या रहेको छ । यसले अतिआवश्यक स्थानमा आयोजना निर्माण गर्न साधन नपुग हुन जान्छ । कतिपय आयोजना राजनैतिक भावनामा आधारित पनि छन् जसको आर्थिक उपादेयता कम छ । जस्तो कि- पूर्वपश्चिम राजमार्ग रहँदा रहँदै छोटो दूरीमै समानान्तर रूपमा हुलाकी राजमार्ग र मदनभण्डारी राजमार्गमा लगानी आवश्यक थियो या थिएन ? बस्तीहरूलाई 'भर्टिकल इन्टिग्रेसन' गर्न सकिन्थ्यो कि ?

तेस्रो कारकका रूपमा आयोजनाको प्राथमिकीकरण गर्न नसकिनु हो । आयोजनाको लाभ लागत विश्लेषण नभएपछि आयोजनाको प्राथमिकीकरण गर्न नसकिनु स्वाभाविक नै भयो । यसले आयोजना आवश्यक भए पनि सीमित साधन-स्रोतलाई पहिले कुन आयोजनामा लगानी गर्ने भन्ने पक्ष चुक्छ ।

चौथो र प्रमुख कारक विनियोजन कुशलताको कमी हो । माथि उल्लिखित तीन कारकहरूको जोड मात्रै होइन, गुणक यहाँ देखिन्छ । आवश्यकता तथा प्राथमिकता विश्लेषण नभएका र कार्यान्वयन योग्यता परीक्षण नभएका तीनै तहका सरकारमा हजारौं होइन, लाखौं स-साना टुक्रे आयोजनाहरूमा रकम छिरलेर बजेट बाँडफाँड भएपछि विनियोजन कुशलता कायम हुनसक्ने कुरै भएन । फलत: सार्वजनिक लगानीको उपलब्धि कम हुने, विनियोजित रकम अनुसार आयोजना कार्यान्वयन नहुने अर्थात् बजेटको ६०-६२ प्रतिशतको हाराहारीमा मात्रै खर्च हुने र बजेटको विश्वसनीयतामा प्रश्न उठ्ने जस्ता असर देखिएका छन् । यसमा अर्थ मन्त्रालयले 'फिस्कल गेटकिपर'को भूमिका पनि राम्ररी निभाउन नसक्दा र संसद्ले यी विषयमा ध्यान दिई रकम विनियोजन गर्नुभन्दा सांसदको निर्वाचन क्षेत्रमा आयोजना पर्‍यो या परेन भनी चासो दिंदा सार्वजनिक लगानीको विनियोजन कुशलता कमजोर देखिएको छ ।

अन्तर्राष्ट्रिय मुदा कोषको पहलमा सन् २०२१ मा भएको नेपालको सार्वजनिक लगानी व्यवस्थापन परीक्षणले संस्थागत व्यवस्था मध्यम रहेतापनि नियोजनगत र कार्यान्वयन पक्ष कमजोर रहेको देखाएको छ । संस्थागत प्रभावकारिता न्यून रहेको छ । जसमा १५ वटा सूचकमध्ये दुई तिहाइ भन्दा बढी सूचकहरूमा प्रभावकारिता न्यून छ । पाँच वटा सूचकहरूमा मात्रै मध्यम तहको प्रभावकारिता रहेको देखिएको छ । अर्कोतिर सरकारी-निजी-साझेदारीमा आयोजना निर्माण गर्ने विकल्पमा गृहकार्य, उत्प्रेरणा र क्षमता विकास नै भएन ।

पाँचौं, आयोजना कार्यान्वयनको विषय सदैव कमजोर रह्यो । शुरुमा राम्रो खरिद कानून भएर पनि सार्वजनिक खरिद प्रक्रियामा स्वच्छ र पूर्ण प्रतिस्पर्धा हुन सकेन । धेरैजसो आयोजनामा या त कार्टेलिङ भयो या अस्वस्थ प्रतिस्पर्धा भई लागत अनुमान भन्दा धेरै घटेर बोलपत्र पेश गर्ने प्रवृत्ति रह्यो । पहिलो अवस्थामा सरकारले प्रतिस्पर्धाको लाभ लिन सकेन भने दोस्रो अवस्थामा ठेकेदारले ठेक्का सम्झौता गरी पेस्की लिएर काम नगर्ने वा नसक्ने या निर्माण कार्य वा सामान आपूर्तिमा गुणस्तर कायम नहुने प्रवृत्ति देखियो । हाल त सो खरिद कानून पनि ठेकेदारहरूको सिफारिसमा बिगारेर अष्टावक्र बनाइसकिएको छ । व्यवस्थापकीय र ठेकेदारको अक्षमताको सारा भार खरिद ऐनलाई बोकाउने गरिएको छ । ठेक्काका शर्तहरू तय गर्दा गृहकार्य नगर्ने प्रवृत्तिले ठेक्का सम्झौता कार्यान्वयनमा सदैव छिद्रहरू रहने गरेका छन् । तिनैको फाइदा उठाएर ठेकेदार हरूले काम राम्ररी नगर्ने, अदालतमा पनि सरकार मुद्दा हार्ने र मन्त्रीहरू/विभागीय प्रमुख तथा आयोजना प्रमुखहरू र आयोजनाका कर्मचारीहरू ठेक्काबाट लाभ लिन उद्यत हुने प्रवृत्तिले कडिकडाउका साथ आयोजना कार्यान्वयन नहुने समस्या रहेको छ । यसबाट या त आयोजनाको समय लम्बिन्छ, या लागत बढ्छ या गुणस्तरहीन काम हुन्छ ।

पछिल्ला दिनमा त आयोजना प्रमुखलाई ठेकेदारले टेर्न र काममा गुणस्तर कायम गर्न पनि छाडेका छन् । किनकि ठेकेदारहरू मन्त्रीको निवासमा हावी हुन थालेपछि आयोजनाका कर्मचारीहरू सम्झौता कार्यान्वयन गराउन नसक्ने अवस्थामा पुगेको अवस्था देखिन्छ । वर्षको २/३ पटक आयोजना र विभागीय प्रमुख फेर्ने विकृति पनि यही प्रवृत्तिको उपज हो । नेपाल विद्युत् प्राधिकरणमा प्रमुख कार्यकारी अधिकृत परिवर्तनको बारम्बारको रडाकोको जड पनि यही नै हो ।

छैटौं, आयोजनाको अनुगमन र मूल्यांकन सदैव कमजोर रह्यो । नतिजा र सूचकमा आधारित आयोजना अनुगमनभन्दा यो कार्य आन्तरिक पर्यटनको साधन बन्न पुग्यो । वैदेशिक सहायतामा सञ्चालित आयोजना बाहेक आयोजनाको असर र प्रभाव मूल्यांकन हुने गरेको छैन । प्रभाव मूल्यांकन भएकोमा पनि पाठ सिकेर नीति र तरिका परिवर्तन वा सुधार गर्ने प्रवृत्ति छैन । यस्ता मूल्यांकन प्रतिवेदनहरू न सम्बन्धित मन्त्रालयले हेर्छन्, न त अर्थ मन्त्रालयले चासो दिन्छ । त्यस्ता प्रतिवेदनहरू आयोजना, मन्त्रालयहरू र राष्ट्रिय योजना आयोगका दराजमै थन्किएर सकिन्छन् ।

सातौं, पूर्वाधार क्षेत्रको सुशासन सबैभन्दा चुकेको पक्ष हो । पात्रहरूको प्रवृत्ति परिवर्तन नहुँदा सार्वजनिक लगानीको पूरा प्रतिफल प्राप्त हुनसकेको छैन । योग्यता र क्षमताको आधारमा जिम्मेवारी दिनेभन्दा पनि कमजोर र भनेको मान्ने मान्छेलाई आयोजना प्रमुख र विभागीय प्रमुख बनाउने प्रवृत्ति यसैको उपज हो । अर्कोतिर नियामक निकायले पनि गहन अनुसन्धान गर्नुभन्दा पनि सबैलाई फेरो हालेर मुद्दा चलाउने प्रवृत्तिले खरिद कार्यमा निर्णय लिने अधिकारीहरू निर्णय पन्छाउन थालेका छन् । संस्थाहरू स्वच्छ नहुँदा सुशासन कमजोर हुनु स्वाभाविक नै भयो ।

### के कुनै उपलब्धि नै नभएको हो त ?

नेपालमा सार्वजनिक लगानीबाट कुनै पनि उपलब्धि नभएको होइन । हालसम्म करिब ३८०० मेगावाट विद्युत् उत्पादन भएकोमा सरकारी लगानीको ठूलो योगदान छ । करिब १४०० किमी प्रसारण लाइन तानिएको छ । नेपाल विद्युत् प्राधिकरणमा सरकारको ठूलो लगानी भएको छ । जहाँको अनुभवबाट पछि जलविद्युत उत्पादनमा निजी क्षेत्र पनि राम्ररी आएको छ । सबै किसिमका गरेर करिब ३६ हजार किलोमिटर सडक, तीन वटा अन्तर्राष्ट्रिय लगायत अरू ५५ स्थानीय विमानस्थल, करिब १५ लाख हेक्टर जमिनमा सिंचाइ सुविधा र ९७ प्रतिशतभन्दा बढी जनसंख्यालाई खानेपानीको सुविधा, विद्यालय र स्वास्थ्य पूर्वाधार निर्माण सबै नेपालमा सार्वजनिक लगानीकै उपज हुन् ।

प्रश्न कहाँ हो भने गरिएको लगानीको कार्यकुशलता र प्रभावकारिता राम्रो छ त? यस सम्बन्धमा सन् २०२१ मा अन्तर्राष्ट्रिय मुदा कोषले गरेको नेपालको सार्वजनिक लगानी व्यवस्थापन सम्बन्धी परीक्षण प्रतिवेदन अनुसार गत दशकमा नेपालमा दिगो सार्वजनिक लगानी गरिएको भए तापनि नेपालमा पूँजीगत सम्पत्तिको मौज्दात ( क्यापिटल स्टक) दक्षिणएशियाका अरू देशको तुलनामा पछि रहेको र यस्तो पूँजीगत सम्पत्तिको मौज्दात विगत दुई दशकमा कुल गार्हस्थ्य उत्पादनको ७४ प्रतिशतबाट ५० प्रतिशतमा झरेको छ । नेपालमा अझै पनि पूर्वाधार कमीको अवस्था कायमै छ । यदि लगानीमा कार्यकुशलता अभिवृद्धि हासिल गर्न सकिएको भए सोही पूँजीगत खर्चले हालको भन्दा पूर्वाधारमा दोब्बर नतिजा हासिल गर्न सकिन्थ्यो ।

**परिणति** : फलत: आर्थिक, सामाजिक विकासका लागि गुणस्तरीय पूर्वाधारको कमि रहन पुग्यो । साधन-स्रोतको महत्तम उपयोग हुन सकेन वा कतिपय साधन-स्रोत छरिए, बगे र चुहिए । धेरैजसो आयोजनाहरूमा समय र लागत दुवै बढ्यो र पूर्वाधार निर्माणमा क्षेत्रगत सन्तुलन कायम हुन सकेन । यसले आर्थिक विकासको मात्रामा जति योगदान पुर्‍याउनुपर्थ्यो, त्यसमा कमि रह्यो ।

### सुधारको बाटो

यस परिस्थितिमा नेपालमा सार्वजनिक लगानी व्यवस्थापनमा कार्यकुशलता हासिल गर्न निकै गहकिलो पहल जरूरी छ । सर्वप्रथम, 'जेनजी' आन्दोलनका क्रममा क्षति पुगेका सार्वजनिक सम्पत्ति र भौतिक संरचनाको मूल्यांकन गरी पुन:निर्माणको कार्यलाई आगामी दुई आर्थिक वर्षसम्म प्राथमिकतामा राखी लगानी गर्नु जरूरी छ । अल्पकालमा पुन:निर्माणमा लगानी गर्न र नेपालको सार्वजनिक क्षेत्रमा दिगो पूँजीगत लगानी गर्न फिस्कल स्पेस निर्माण गर्नु जरूरी छ । राजस्व उत्पादकत्व वृद्धि गर्ने, पुन:निर्माण कोष खडा गर्ने, पुन:निर्माण ऋण पत्र/रि कन्स्ट्रक्सन बन्ड जारी गर्ने, सहुलियतपूर्ण ऋण प्राप्तिलाई प्रभावकारी बनाउने र खर्चको उपादेयता विश्लेषण गरी प्राथमिकीकरण गर्ने जस्ता कार्यमा जोड दिनुपर्दछ ।

दोस्रो, सार्वजनिक लगानीमा कार्यकुशलता हासिल गरी दिगो आर्थिक सामाजिक पूर्वाधार विकासमा प्रभावकारिता हासिल गर्न राष्ट्रिय सार्वजनिक लगानी नीति तर्जुमा गर्न जरूरी छ । आयोजनाको आकार सम्बन्धी ( स्केल अफ ईकोनोमी) लाभ लिन सक्ने गरी आयोजना तर्जुमा गर्नुपर्दछ । संघले राष्ट्रिय महत्वका ठूला आयोजनाहरूमा, प्रदेशले क्षेत्रीय महत्वका मझौला आयोजना र स्थानीय तहले स्थानीय आवश्यकताका मझौला र साना आयोजनाहरू निर्माण गर्ने नीति लिनु जरूरी हुन्छ ।

तेस्रो, देशले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न पूँजीगत खर्चको आकार र कर्यकुशलता बढाउनुपर्दछ । कुल गार्हस्थ्य उत्पादनको १२-१५ प्रतिशतमा नघट्ने गरी तीनै तहका सरकार मार्फत भौतिक पूर्वाधार निर्माणका लागि लगानी गर्न जरूरी छ । तीनै तहका सर कारले आवधिक योजना र क्षेत्रगत प्राथमिकताका आधारमा भौतिक पूर्वाधारका आयोजनाहरूको 'स्ट्र्याटेजिक फिट एनालाइसिस' गरी आयोजनाको प्रारम्भिक छनोट गर्ने, ठूला र मझौला आयोजनाको लाभ-लागत विश्लेषण गर्ने, यस्तो विश्लेषण प्रतिवेदनहरूलाई स्वतन्त्र विज्ञहरू रहेको टोलीले पुनरावलोकन गर्न र यस्ता आयोजनाहरू आयोजना बैंकमा राखेर प्राथमिकीकरण गर्न जरूरी छ । साथै, क्षेत्रगत सन्तुलन तथा लगानीको उपादेयता विश्लेषण गर्न अर्थ मन्त्रालयले 'फिस्कल गेटकिपर' को भूमिका निर्वाह गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य गर्नु जरूरी छ । ठूला र व्यावसायिक प्रकृतिका आयोजनाहरू सार्वजनिक निजी लगानीमा निर्माण गर्ने गरी सम्भाव्यता अध्ययन र सोका लागि वातावरण निर्माण गर्ने कार्य जरूरी छ । स्थानीय तहमा सो अनुसार क्षेत्रगत तथा बजेट समितिको क्षमता विकास गर्नुपर्दछ ।

चौथो, विनियोजनगत कुशलता हासिल गर्न तीनै तहका सरकारले आयोजना बैंकलाई प्रभावकारी बनाई लाभ लागत विश्लेषणका आधारमा आर्थिक पूर्वाधारको हकमा उच्च प्रतिफल दिने र सामाजिक पूर्वाधारको हकमा लागत प्रभावकारिता विश्लेषण गरी प्राथमिकताका आधारमा बजेटमा समावेश गर्ने अभ्यासलाई अगाडि बढाउनुपर्दछ । हचुवाका भरमा आयोजना राख्ने प्रथा रोक्नुपर्दछ । यसका लागि संघमा राष्ट्रिय योजना आयोगले ठूला र मझौला आयोजनाहरूको पुनरावलोकन र अर्थ मन्त्रालयले क्षेत्रगत सन्तुलन र लगानीको उपादेयता विश्लेषण गर्ने अभ्यास गर्नु जरूरी छ । साना आयोजनाको हकमा स्थानीय आवश्यकता र रणनैतिक उपयुक्तता विश्लेषण (स्ट्र्याटेजिक फिट एनालाइसिस) गरी बजेटमा समावेश गर्न सकिन्छ । तर, धेरै टुक्रे आयोजनाहरूमा रकम छर्ने प्रवृत्ति रोकी प्राथमिकताका आधारमा आयोजनाको एउटा निश्चित आकार कायम गर्ने मापदण्ड निर्माण गर्नुपर्दछ ।

पाँचौं, निर्मित भौतिक संरचना, मेसिनरी औजार र सवारी साधनको मर्मत र सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गर्ने नीति लिनु जरूरी छ । यसका लागि निश्चित मापदण्ड निर्माण गरी रकम विनियोजन गर्नुपर्दछ ।

छैटौं, आयोजना कार्यान्वयनमा कार्यकुशलताका लागि धेरै पक्षमा सुधार हुन्छ । आयोजना प्रमुख लगायत आयोजना टीम खटाउँदा योग्यता, क्षमता र सदाचारलाई मानक बनाउनुपर्छ । यसका लागि सर्वप्रथम मन्त्रीहरू आफैं सुनि जरूरी छ । खरिद प्रक्रियामा प्रतिस्पर्धा र पारदर्शिता कायम गर्न सबै सरकारी खरिद कार्य 'ई-जीपी प्रणाली' र यसका सबै मोड्युलहरूको प्रयोग अनिवार्य गर्नुपर्दछ । स्पेसिफिकेसन, बोलपत्र सम्बन्धी कागजात र बोलपत्र तथा ठेक्काका शर्तहरू निर्माण गर्न र सार्वजनिक खरिद प्रक्रिया सम्बन्धमा क्षमता विकास गर्न जरूरी छ ।

ठेक्का सम्झौताको कार्यान्वयन कार्ययोजना बनाई कडाइका साथ लागू गर्ने, निरन्तर नतिजा अनुगमन र गुणस्तर जाँचलाई अनिवार्य र त्यसका लागि क्षमता विकास एवं प्रेरणा संयन्त्र विकास गर्ने, नतिजा नदिएमा ठेक्का तोड्न सक्ने आयोजना प्रमुखको अधिकारलाई माथिल्लो तहबाट हस्तक्षेप नगर्ने र उचित गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने जस्ता कार्य गर्नुपर्दछ । विभाग र मन्त्रालयले सबल अनुगमन र प्रोत्साहन दिने पद्धति विकास गर्नु जरूरी छ । ठेक्का सम्झौता कार्यान्वयन यस सम्बन्धमा प्रमुख कार्य हो ।

सातौं, आयोजनाको नतिजा, असर तथा प्रभाव मूल्यांकन र त्यसबाट पाठ सिक्ने कार्य सार्वजनिक लगानीको जीवनचक्रको अहम् पक्ष हो । पृष्ठपोषणका आधारमा भोलिका नीति र कार्यक्रममा सुधार गर्दै लैजानुपर्दछ । आयोजना मूल्यांकनमा लगानी गर्न कन्जुस्याइँ गर्नुहुँदैन । परम्परा धान्ने गरेर सरकारी लगानी गर्ने प्रवृत्ति रोक्नुपर्दछ । तीनै तहका सरकारमा आयोजना अनुगमन र मूल्यांकन सम्बन्धी क्षमता विकास गर्न जरूरी छ । ठूला र मझौला आयोजनाहरूमा बजेट प्रस्ताव गर्नुअघि त्यस्तै प्रकृतिका आयोजनाहरूको मूल्यांकनको नतिजा के थियो भनी अर्थ मन्त्रालयले खोजी गर्नुपर्दछ ।

*(साभार: अनलाइनखबर)*




# रोसिङटनको शतकले पारेको प्रभाव

काठमाडौं/इंग्लिस विकेटकिपर ब्याटर एडम रोसिङटन सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) २०२५ का लागि पोखरा एभेन्जर्समा अनुबन्ध हुँदा खासै धेरैले नोटिस नगरेका खेलाडी हुन् । विश्वकपदेखि आईपीएलसम्म खेलेका र जितेका खेलाडीहरु एनपीएलमा अनुबन्ध उनीहरुको चर्चा धेरै भयो । तर रोसिङटनको चर्चा धेरै भएन ।

उनले अहिले भइरहेको एनपीएलमा पोखरा एभेन्जर्सबाट सुरुवात देखि नै खेल्दै आएका छन् । तर पछिल्लो दुई खेलमा भने रोसिङटनको ब्याटिङ र उनले बनाएको रनको मजैले चर्चा भयो । पोखराको चौथो खेलमा रोसिङटनले लुम्बिनी लायन्सविरुद्ध यस सिजनकै ‘स्लोयस्ट’ अर्धशतक बनाएका थिए । पोखराको ब्याटिङ खराब हुँदा पनि ओपनर रोसिङटनले एक छेउबाट इनिङ्स सम्हाल्दै ५२ बलमा अर्धशतक पूरा गरेका थिए र ८० रन बनाएर आउट भए । त्यस खेलमा पोखरा पराजित भयो ।

तर मंगलबार टीयू अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भने उनै रोसिङटन मज्जैले छाए । पोखराले टस हारेर पहिले ब्याटिङ गर्दा रोसिङटनले सानदार शतक प्रहार गरे । ५५ बलमा शतक प्रहार गरेका उनले अन्तिमसम्म ब्याट क्यारी गर्दै अविजित १०८ रन जोडे । यस क्रममा उनले ५८ बल खेल्दै ११ चौका र ७ छक्का समेत प्रहार गरे ।

रोसिङटनको शतकले नै खेलमा ठूलो प्रभाव पार्‍यो । पहिलो इनिङ्समा उनले बनाएको शतक मदतमा पोखराले २०० माथिको स्कोर बनायो । बलरहरुको सहयोगमा त्यो स्कोर डिफेण्ड पनि गर्‍यो । पोखरा यस सिजन एनपीएलमा २०० रन बढी स्कोर गर्ने विराटनगर किंग्सपछि दोस्रो टिम पनि बन्यो । विराटनगरले पोखरा विरुद्ध नै पहिलोपटक कीर्तिमानी २२० रन बनाएको थियो ।

रोसिङ्ले यस खेलमा पोखराका कप्तान कुशल भुर्तेलसँग ओपनिङ गरेका थिए । यसअघि दिनेश खरेलले ओपनिङ गरेपनि कर्णाली विरुद्ध खरेल ड्रप हुँदा भुर्तेलले नै रोसिङटनसँग ओपनिङ गरे । पहिलो विकेटका लागि रोसिङटनले कुशल भुर्तेलसँग ३४ रनको साझेदारी गरेका थिए ।



तर त्यसपछि भने विश्वकप जितिसकेका ज्यासन रोयसँग रोसिङटनको साझेदारी खुबै जम्यो । यो जोडीले दोस्रो विकेटका लागि १२७ रनको साझेदारी गरे । एनपीएलमा यस सिजन यो दोस्रो ठूलो साझेदारी हो भने पोखराका लागि पहिलो शतकिय साझेदारी हो । यसअघि विराटनगर किंग्सका लोकेश बम र मार्टिन गप्टिलले दोस्रो विकेटका लागि पोखरा विरुद्ध नै १३२ रनको साझेदारी गरेका थिए ।

रोसिङटनले रोयसँग ब्याटिङ गर्दा रमाइलो भएको बताए । ‘रोय धेरै राम्रो खेलाडी हुन् । उनीसँग पार्टनरसिप राम्रो रह्यो । म बाट प्रेसर हटाइदिए’ उनले भने । सोमबार दिउँसो मात्र नेपाल आइपुगेका रोयले भोलिपल्ट नै पोखराबाट खेल्दै एनपीएलमा डेब्यू गरेका हुन् । अर्धशतकबाट थोरैले चुकेपनि उनले महत्वपूर्ण ४६ रन योगदान गरे । रोयले ३४ बल खेल्दै २ चौका र ३ छक्का प्रहार गरे ।

यस्तै रोय आउट भएपछि रोसिङटनले श्रीलंकन अलाराउण्डर धनन्जय लक्षनसँग अविजित ४० रनको साझेदारी गरेका थिए ।

**एनपीएलमा तेस्रो शतक**

३२ वर्षीय दायाँ हाते ब्याटर रोसिङटनले बनाएको शतक एनपीएल दोस्रो संस्करणमा दोस्रो शतक हो भने समग्रमा एनपीएलको तेस्रो शतक हो । यस्तै उनी पोखरा एभेन्जर्सका लागि एनपीएलमा शतक प्रहार गर्ने पनि दोस्रो खेलाडी हुन् ।

पहिलो संस्करणमा पोखराबाट खेलेका अमेरिकी विकेटकिपर ब्याटर आन्दे गौसले लुम्बिनी लायन्स विरुद्ध शतक प्रहार गरेका थिए ।

दोस्रो संस्करणमा कर्णाली याक्सका स्कटिस खेलाडी मार्क वाटले पनि लुम्बिनी लायन्सविरुद्ध नै शतक प्रहार गरेका थिए । वाट बलर भएपनि यस सिजन कर्णालीका लागि ओपनिङ गर्दै करियरकै पहिलो शतक प्रहार गरेका थिए ।

वाट समावेश टोली कर्णाली विरुद्ध रोसिङटनले शतक प्रहार गरे । अर्को रमाइलो संयोग एनपीएलमा लुम्बिनी बाहेक टिमलाई शतक प्रहार गर्ने रोसिङटन पहिलो खेलाडी बने । एनपीएलमा शतक प्रहार गर्ने खेलाडीको टिमले जित हात पारेको इतिहासला२ पनि पोखराले निरन्तरता दिएको छ । गत सिजन गौसले शतक प्रहार गर्दा पोखराले लुम्बिनीला२ १० विकेटले पराजित गरेको थियो । यस्तै यस सिजन वाटले शतक हान्दा कर्णालीले लुम्बिनीलाई ९ विकेटले हराएको थियो ।

रोसिङटनले शतक प्रहार गरेको खेलमा पनि पोखराले कर्णालीलाई ३४ रनले पराजित गर्‍यो । यसअघिका दुई शतक लक्ष्य पछ्याउने क्रममा बनेको थियो । तर रोसिङटनको शतक भने पहिलो इनिङ्समा थियो । रोसिङटन एनपीएलमा पहिलो इनिङ्समा शतक प्रहार गर्ने पहिलो खेलाडी नै बने । यस्तै शतक प्रहार गर्ने उनी दोस्रो विकेटकिपर ब्याटर बने ।

पहिलो पटक एनपीएल खेलिरहेका रोसिङटनले पछिल्लो दुई खेलमा अर्धशतक र शतक प्रहार गरेपछि उनी सर्वाधिक रन बनाउनेमा शीर्ष स्थानमा समेत उक्लेका छन् । उनले ५ खेलमा कूल २५३ रन बनाएका छन् । सुरुवाती तीन खेलमा ६४ रन बनाएका उनले पछिल्लो दुई खेलमा १८९ रन बनाए ।

**लक्षन र धवनको योगदान**

कर्णाली विरुद्ध पोखराका रोसिङटनले शतक प्रहार गर्दा उनको नाम धेरै हाइलाइट भयो । तर पोखरालाई जिताउन रोसिङटनसँगै अन्य तीन विदेशी खेलाडी रोय, धनन्जय लक्षन र ऋषि धवनको प्रभाव पनि उति नै रह्यो । शतक बनाएका रोसिङटनले नयाँ आएका खेलाडीहरुले राम्रो प्रदर्शन गरेको र बिहीबार पनि यस्तै प्रदर्शनको अपेक्षा राखेको बताए ।

रोयले ब्याटिङमा ४६ रन योगदान गर्दा श्रीलंकन खेलाडी धनन्जय लक्षनले पनि लेट केमियो इनिङ्स खेले । रोसिङटन बाहेक तीन विदेशी खेलाडी रोय, लक्षन र ऋषी धवन सोमबारै काठमाडौं आएका थिए । लक्षनले चौथो क्रममा ब्याटिङ गर्दै ११ बलमा ३ चौका र१ छक्का प्रहार गरी अविजित २३ रन जोडे । यस्तै लक्षन र धवनले बलिङमा पनि उत्तिकै प्रभाव पारे । विदेशी खेलाडीहरुले अन्तर्राष्ट्रिय क्रिकेट र फ्रेन्चाइज क्रिकेटमा खेलेको अनुभव एनपीएलमा भरपुर सदुपयोग गरे ।

लक्षन र धवन दुवैले समान ३ विकेट लिए । प्रियांक पान्चललाई आउट गर्दै कर्णालीको पहिलो विकेट लिएका लक्षनले अन्तिम दुई विकेट लिँदै एनपीएल डेब्युमा ३ विकेट हात पारे । यस्तै स्पीनर ऋषी भवनले मिडर अर्डरमा महत्वपूर्ण तीन विकेट लिए । उनले १३औं ओभरमा पवन सर्राफ (१९), १६औं ओभरमा नजिबुल्लाह जदान (२४) र १९औं ओभरमा कप्तान सोमपाल कामी (१३) को विकेट लिए । आवश्यक समयमा महत्वपूर्ण विकेट लिँदै कर्णालीलाई अलआउट गर्न लक्षन र धवनको योगदान रहरुयो । साथै दुई पार्टटाइमिर किरण ठगुन्ना र सन्दीप खत्री क्षेत्रीले पनि १-१ विकेट लिएर योगदान गरे । कप्तान कुशल भुर्तेलले पनि ४ ओभर नै बलिङ गरेर १ विकेट लिए ।

कर्णालीलाई पराजित गरेपछि ५ खेलबाट ४ अंक जोडेको पोखरा अंकतालिकामा चौथो स्थानमा उक्लेको छ । पोखराले अब बिहीबार काठमाण्डु गोर्खाज र शनिबार चितवन राइनोज विरुद्ध खेल्नेछ । दुवै खेल जितेमा पोखराको प्लेअफ पुग्ने सम्भावना रहन्छ । रोसिङटनले पनि अब बिहीबार हुने खेल जित्दै शनिबार पनि त्यही किसिमको प्रदर्शन गर्ने लक्ष्य रहेको बताए

(स्रोत:अनलाइनखबर)

# हेटौंडामा सडक विस्तार विवादमा सुनचाँदी व्यवसायी संघको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडामा राजमार्गतर्फ गरिने भनिएको २५-२५ मिटर सडक विस्तार योजनाबारे उत्पन्न विवादकाबीच सुनचाँदी व्यवसायी संघ, बागमती प्रदेशले कडा आपत्ति जनाएको छ ।



संघले सडक विभागले आधारहीनरुपमा सूचना प्रकाशित गरी स्थानीय नागरिक तथा व्यापारीमा अनावश्यक त्रास र अन्योल सिर्जना गरेको आरोप लगाएको छ । संघका अनुसार २०७५ माघ १५ गते सरकारले गरेको निर्णयअनुसार हेटौंडा नगरपालिकाभित्र २५ मिटर सडक विस्तार गर्ने कुरा कहिल्यै प्राविधिकरुपमा टुंगो लागेन । तर, २०८० साउन २० गते जारी सूचना तथा पछिल्ला गतिविधिले संवैधानिक हक, नागरिकअधिकार तथा मौलिकहकको उल्लंघन भएको संघको दाबी छ । व्यवसायी संघले सडक विस्तारको विषयमा सर्वोच्च अदालतका निर्णय स्पष्ट रहेको बताउँदै राहत, क्षतिपूर्ति, उचित प्रक्रिया र वैधानिक आधार बिना जनताको घरजग्गा खोस्ने कार्य गैरकानुनी हुने चेतावनी दिएको छ ।

संघका अध्यक्ष ज्योतिलाल बज्राचार्यद्वारा हस्ताक्षरित बिज्ञप्तिमा भनिएको छ, ‘हेटौंडावासीको बसोबास, जीविकोपार्जन तथा व्यवसायमा सीधा असर पर्ने निर्णय एकतर्फीरुपमा गर्नु संविधान, कानून र मानवअधिकार विपरीत छ ।’ संघले २०७९ मङ्सिरमा उच्चस्तरीय बैठकले २५/२५ मिटर सडक विस्तार स्थगित निर्णय गरिसकेको दाबी गर्दै सडक विभागले त्यसको अवज्ञा गर्दै जारी गरेको सूचना खारेज गर्न माग गरेको छ । स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारसमेत सबै पक्षले नागरिकसँग छलफल, वातावरणीय प्रभाव मूल्यांकन र वैज्ञानिक आधारमा मात्रै निर्णय गर्नुपर्ने संघको माग छ ।

संघले निष्कर्षमा भनेको छ, ‘हामी विकासका विरोधी होइनौं । तर, उचित क्षतिपूर्ति, वैधानिक प्रक्रिया र नागरिक अधिकार सुनिश्चित नगरी गरिएको निर्णय कुण्ठित, अपारदर्शी र स्वीकार्य छैन । सरकार, सडक विभाग र सम्बन्धित निकायले तुरुन्तै सुधारात्मक कदम चाल्नुपर्छ ।’

# सडक विस्तारको विरोधमा शान्तिपूर्ण प्रदर्शन गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ २५-२५ गज सडक विस्तारको विरोधमा हेटौंडा सडक पीडित संघर्ष समितिले शान्तिपूर्ण आन्दोलन गर्ने भएको छ ।

समितिले मंगलबार पत्रकार सम्मेलन गरी सडक विस्तारका कारण स्थानीय विस्थापित हुने जोखिम बढेकाले विरोधका कार्यक्रम निरन्तर जारी राख्ने जानकारी दिएको हो । बुधबार हेटौंडाको बुद्धचोकबाट विरोध र्‍याली निकाली सडक डिभिजन कार्यालय परिसरमा शान्तिपूर्ण ढंगले कोणसभा गर्ने समितिका संयोजक भुवनलाल श्रेष्ठले जानकारी दिएका छन् । पत्रकार सम्मेलनमा हेटौंडाका सडक, बसोबास र राजमार्ग सम्बन्धी विगतका निर्णय स्मरण गर्दै २५-२५ गज सडक विस्तारले पुरानो बसोबास प्रभावित हुने उनले बताए ।

उनका अनुसार २०७३ मा विश्व बैंकले सुझाएको वैकल्पिक मार्ग, २०७४ को नगरसभाबाट पारित बाइपास प्रस्ताव, र राप्तीपुल-कुष्माण्ड-रातोमाटे बाइपासको ५० प्रतिशत कार्य सम्पन्न भइसकेको तथ्यलाई सरकारले बेवास्ता गरेको छ । अन्य स्थानमा जस्तै क्षतिपूर्ति दिएर सडक विस्तार गर्न सकिने उदाहरण प्रस्तुत गर्दै संयोजक श्रेष्ठले हेटौंडाका बासिन्दाको हकअधिकार सुरक्षित हुनुपर्ने बताए । आफूहरुले जग्गा अतिक्रमण गरेर नबसेको उनले दाबी गरे । जग्गाका किनबेच पनि हुने, कर पनि लिने अनि जग्गा अतिक्रमण भयो भनेर भन्न नमिल्ने उनको धारणा छ ।

त्यसैगरी समितिका सहसंयोजक राजकुमार न्यौपानेले आफूहरु सडक विस्तारको पक्षमा रहेको स्पष्ट पारे । राज्यले मुआब्जा वितरण गरिसकिएको भन्ने दावीलाई खण्डन गर्दै पीडितलाई दिएको रकमको प्रमाण देखाउन पनि उनले चुनौती दिए ।

# अनेक बहानामा श्रमिकमाथि आर्थिक भार, शुल्क बढेको बढ्यै

काठमाडौं/हरेक पाइलामा ठगिँदै वैदेशिक रोजगारीमा पुग्ने श्रमिकमाथि अनेक नाममा शुल्क बढ्दै गएको छ । म्यानपावर तथा एजेन्टहरूले लाखौं रुपैयाँ सेवा शुल्क त लिने गरेका छन् नै, अन्य विभिन्न शीर्षकमा थप शुल्क पनि लिने गर पछि खर्च बढ्दै गएको छ । हालै मात्रै सरकारले श्रमिकको स्वास्थ्य परीक्षण शुल्कमा ४६ प्रतिशतभन्दा बढीले वृद्धि गरेको छ । विगतमा लिइँदै आएको ६ हजार ५ सयबाट बढाएर ९ हजार ५ सय रुपैयाँ पुर्‍याइएको हो ।

यसअघि वैदेशिक रोजगारीमा जानुअघि दिइने पूर्वप्रस्थान अभिमुखीकरण तालिमको समेत शुल्कमा वृद्धि गरिएको थियो । दुई दिन तालिम दिएको ७ सय लिँदै आएका अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूको शुल्क २ हजार १ सय रुपैयाँ पुर्‍याइएको थियो । त्यसका अतिरिक्त अभिमुखीकरण तालिमको परीक्षा शुल्क ७ सय समेत बढाएर जम्मा २ हजार ८ सय पुर्‍याइएको थियो । व्यवसायीहरूले हाल परीक्षा शुल्क ८ सय रुपैयाँ नलिई २ हजार १ सय रुपैयाँ लिने गरेका छन् । त्यसबाहेक, श्रमिकले वैदेशिक रोजगार कल्याणकारी कोषमा १ हजार ५ सय र दुई हजार ५ सय रुपैयाँ समेत लिने गरिएको छ । ३ वर्षसम्म करार अवधि भए १ हजार ५ सय र ३ वर्षभन्दा बढी भएमा २ हजार ५ सय रुपैयाँ श्रमिकले कोषमा जम्मा गर्नुपर्ने हुन्छ । त्यही पैसाको आधारमा श्रमिकले वैदेशिक रोजगारीका क्रममा समस्यामा परेको खण्डमा सरकारले नै सहयोग गर्दै आएको छ ।



त्यस्तै वैदेशिक रोजगारीमा जाने श्रमिकले म्यादी बीमा गर्नुपर्ने हुन्छ । म्यादी जीवन बीमाको शुल्क उमेर समूह अनुसार फरक-फरक छ । १८ वर्षदेखि ३५ वर्ष उमेर समूहका लागि ३ हजार ७ सय ८ रुपैयाँ, ३६ देखि ५० वर्ष उमेर समूहको लागि ४ हजार ९ सय ३१ रुपैयाँ र ५१ देखि ६४ वर्ष उमेर समूहका लागि ९ हजार ४ सय ६३ रुपैयाँ शुल्क रहेको छ । सामाजिक सुक्षा कोषमा २ हजार ५ सय ९६ रुपैयाँ जम्मा गर्नुपर्ने हुन्छ । त्यसपछि हरेक महिना कोषमा जम्मा गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त अनलाइन फारम भरेको बढीमा ३ सय तोकिएको छ । तर, अनलाइनमार्फत आवेदन भर्नेहरूले श्रमिकलाई हेरेर १५ सयसम्म लिने गरेका छन् ।

यसका अतिरिक्ति जी-टु-जी मार्फत जाने श्रमिकहरूले थप शुल्क तिर्नुपर्ने बाध्यता छ । ऋण निकालेर वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विभिन्न शुल्कको नाममा ठगी हुँदै आएको छ । स्वास्थ्य परीक्षण र अभिमुखीकरण तालिमको शुल्क वृद्धिको विरोध भने म्यानपावर व्यवसायीले गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले प्रेस विज्ञप्ति जारी गर्दै शुल्क वृद्धि फिर्ता लिन भनेको छ । अभिमुखीकरण र स्वास्थ्य संस्थाका सञ्चालकहरूले भने म्यानपावर व्यवसायीलाई आफ्नो काममा ध्यान दिन र अरूको विषयमा चियोचर्चा नगर्न सचेत गराएका छन् ।

नेपाल अभिमुखीकरण तालिम व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमले सेवा प्रवाह अनुसार शुल्क लिइँदै आएको बताए । आफूहरूको शुल्क बढेको म्यानपावर व्यवसायीहरूले विरोध गर्दै आएको बताउँदै कमिसन रोकिने तथा नपाउने भएपछि विरोध गर्न थालेको बताए । आफूहरूले गरिरहेको सेवाको आधारमा सेवा शुल्क लिने गरेको उनको भनाइ छ । नेपाल स्वास्थ्य व्यवसायी महासंघका महासचिव दाताराम काफ्ले लामो समयदेखि शुल्क नबढेर न्यून मूल्यमा सेवा प्रवाह गर्दै आएको बताए । जसले गर्दा यो क्षेत्रमा गलत प्रवृति बढेको बताउँदै मेडिकल नगरिकन कागजी रिपोर्ट मात्रै बनाउने कार्यलाई निरुत्साहित गर्न डिजिटलाइजेसनमार्फत अघि बढ्न लागेको बताए । ‘श्रमिक स्वयं उपस्थित भएर सरकारले तोके अनुसारको परीक्षण गर्नुपर्‍यो भनेर डिजिटलाइजेसनको प्रकृया अघि बढेको हो,’ महासचिव काफ्लेले भने ।

**आवश्यक पर्न सक्छ, तर भार श्रमिकमाथि थोपर्नु अस्वीकार्य : विज्ञ रामेश्वर नेपाल**

श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकमाथि बढिरहेको शुल्क र त्यसले सिर्जना गरेको आर्थिक बोझ थोपार्न नहुने बताएका छन् । विभिन्न नाममा लिइने शुल्क तथा गरिने वृद्धिबारे उनले शुल्क वृद्धि आफैंमा गलत नभएको तर यसको सम्पूर्ण भार श्रमिकमाथि थोपिरहनु अन्यायपूर्ण र अस्वीकार्य रहेको बताए ।

‘दशकौं अगाडिको लागत अहिले पनि उही नै रहिरहनु सम्भव हुँदैन । समयअनुसार अपरेसन खर्च, ल्याबमा प्रयोग हुने सामग्री, केमिकल र कर्मचारी व्यवस्थापनको लागत बढ्ने भएकाले शुल्क समायोजन आवश्यक पर्न सक्छ,’ नेपालले भने, ‘इन्फ्लेसन बढ्दै जान्छ, लागत बढ्दै जान्छ । पहिलाकै शुल्कमा सञ्चालन गर्न नसक्ने अवस्थामा शुल्क फेरबदल स्वाभाविक हो । तर यसले श्रमिकलाई कुनै हालतमा थिचोमिचो पार्न हुँदैन ।’ नेपालले पीडीओटी (प्रि-डिपार्चर ओरियन्टेसन) प्रशिक्षण केन्दहरूको अवस्थाबारे गम्भीर प्रश्न उठाए । उनीले राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनका क्रममा गरेका अवलोकन उल्लेख गर्दै धेरै पीडीओटी केन्दहरूले वास्तविक प्रशिक्षण नै नदिई ‘सर्टिफिकेट बेच्ने’ प्रवृत्ति अझै कायमै रहेको बताए । प्रशिक्षक नभएको, भाडा नतिरेका कक्षमा फर्निचर थुपारेर राखिएको, र केवल नाममात्रका रेकर्ड देखाएर प्रशिक्षण दिने चलन अझै जारी रहेको उनको आरोप छ । ‘कामै गर्दैनन् भने शुल्क बढाउनुपर्ने आधार कहाँबाट आउँछ ?’ भनेर नेपालले प्रश्न गरे ।

वैदेशिक रोजगारमा जाने नेपालीहरू सबैभन्दा कमजोर आर्थिक पृष्ठभूमिबाट हुने, ऋण लिएर विदेश जाने, ३६ देखि ६० प्रतिशतसम्म ब्याज तिरेर ऋण बोकेर विदेशिने अवस्थामा उनीहरूलाई थप शुल्क थोपर्नु अन्तर्राष्ट्रिय श्रम मापदण्डविपरीत रहेको उनको भनाइ छ । नेपालले समर्थन गरेको अन्तर्राष्ट्रिय श्रम संगठनको ‘इम्प्लोयर-पे मोडल’ अनुसार भिसा, टिकट, मेडिकल, बीमा लगायतका खर्च श्रमिकले तिर्नुनपर्ने बताए । तर व्यवहारमा त्यो कार्यान्वयन नहुँदा श्रमिकहरू नै सम्पूर्ण भार बोक्न बाध्य रहेको बताए ।

फ्री भिसा-फ्री टिकट नीति लागु भएको दशक बितिसक्दा पनि व्यवहारमा कार्यान्वयन नहुनुलाई उनले ‘राज्य र व्यवसायी दुवैको गैर जिम्मेवारी’ भनेर टिप्पणी गरे । ‘नीति बनाइयो, घोषणा गरियो, तर कार्यान्वयनमै ध्यान दिने मानिसँगै छैन,’ नेपाल भन्छन्, ‘व्यवसायीहरू आफैंलाई इथिकल बिजनेस गर्छौं भन्छन्, तर माग आउने ठाउँदेखिकै नेक्ससले शुल्क श्रमिकमाथि नै पेलिरहेको छ ।’

म्यानपावरले भनेअनुसार श्रमिकलाई निश्चित मेडिकलमा पठाइने, एउटै समूहको नियन्त्रणमा मेडिकल र म्यानपावर दुवै सञ्चालन हुने, र व्यवसाय पाउनका लागि श्रमिकलाई बीचको कडी बनाइने चलन अझै हट्न नसकेको उनको भनाइ छ । शुल्क बढाउनुपर्ने वस्तुगत आधार भएको खण्डमा निर्धक्क बढाउन सकिने तर, त्यो वृद्धिको बोझ श्रमिकमाथि पारिनु हुँदैन । ‘२०-२५ हजार बनाओस्, तर श्रमिकले तिर्नुपर्ने स्थिति बनाइयो भने त्यो अन्याय हुन्छ,’ उनले भने, ‘सरकारले आफैं घोषणा गरेको नीति कार्यान्वयन नगर्ने, व्यवसायीले ‘केटाहरूले तिर्छन्’ भन्ने मानसिकता नछोड्ने,- यही लाचारी र गैर जिम्मेवारीपनकै कारण समस्या जस्ताको तस्तै छ ।’ अहिले चुनौती शुल्क वृद्धिको नभई श्रमिकलाई सुरक्षित राख्न राज्य र व्यवसायी दुवैले देखाउनु पर्ने जिम्मेवारीको अभाव भएको बताए ।

(स्रोत:अनलाइनखबर)

# ‘अभिमन्यु’ प्रिमियर: कथा र कामेश्वरको प्रशंसा

काठमाडौं/शुक्रबारदेखि प्रदर्शन हुन लागेको फिल्म ‘अभिमन्यु’को सोमबार साँझ ललितपुरस्थित लबिम मलको क्यूएफएक्स हलमा प्रिमियर गरिएको छ । फिल्मकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको प्रिमियरमा सहभागीहरूले फिल्मको कथ्य शैली, निर्देशन र कलाकारहरूको अभिनयको प्रशंसा गर्दै फिल्मले दर्शकलाई सुरुदेखि अन्त्यसम्म बाँधेर राख्ने प्रतिक्रिया दिएका छन् ।

अभिनेता दिव्यदेव पन्तले महिला कलाकारको काम मन परेको बताए । ‘सामान्यतया फिल्ममा महिला पात्रलाई जसरी देखाइन्थ्यो वा कन्भिन्स् गराइन्थ्यो, त्यो परम्परालाई यो फिल्मले तोडेको छ । पर्फर्मेन्सको हिसाबले यो एकदमै उत्कृष्ट छ,’ उनले भने

निर्देशक शोभित बस्नेतले अभिनेता कामेश्वर चौरसियाको अभिनयको मुक्तकण्ठले प्रशंसा गरे । कमेडियन भरतमणी पौडेलले फिल्मले दाइजो प्रथाजस्तो गम्भीर सामाजिक विषयवस्तु उठाएको र सस्पेन्सले भरिपूर्ण रहेको प्रतिक्रिया दिए । प्रिमियरपछि अभिनेता कामेश्वर चौरसिया मिडियासामु भावुक देखिए । ‘कलाकार बन्न स्क्रिप्ट नै चाहिँदो रहेछ । अहिलेसम्म मैले जति काम गरें, सबैले सराहना गर्नुभयो, तर लिड क्यारेक्टरको लागि एउटा बलियो लिखित दस्तावेज नै चाहिन्छ । जे गरैं, यहाँ आइपुग्नकै लागि रहेछ,’ उनले भने ।

अभिनेत्री लक्ष्मी बर्देवा (भट्टराई)ले आफूले गर्भवती अवस्थामा ‘अभिमन्यु’मा काम गरेको खुलासा गरिन् । उनले स्क्रिप्ट पढ्दादेखि नै क्यारेक्टर मन परेको र शारीरिक अवस्था जटिल भए पनि फिल्मको टिम र कथावस्तु उत्कृष्ट भएकाले काम गरेको बताइन् । उनले भनिन्, ‘सुरुमा स्क्रिप्ट पढ्दाभन्दा पर्दामा फिल्म हेर्दा अझ राम्रो बनेको पाएँ ।’

अर्की अभिनेत्री सरिता गिरीले पुरुष प्रधान फिल्महरू बनिरहेको समयमा ‘अभिमन्यु’ महिला केन्दित फिल्म बनेको र पुरुष पात्रहरूले त्यसलाई सहयोग गरेको देख्दा खुसी लागेको बताइन् । सुशान्त गौतमको निर्देशनमा बनेको यस फिल्ममा कामेश्वर, लक्ष्मी र सरितासहित किरण श्रेष्ठ, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ । विनोद पौडेल र गुञ्जन गिरी निर्माता रहेको फिल्ममा मुकेश खनालको लेखन, शरद महतो डिओपी, मदन घिमिरेको सम्पादन तथा जुनिम गहतराजको रंग संयोजन छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एकैपटक सात उद्योगलाई ८० हेक्टर वनक्षेत्र प्रयोगको अनुमति

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ सरकारले एकैपटक सातवटा उद्योगलाई झण्डै ८० हेक्टर वनक्षेत्र प्रयोग गर्ने अनुमति दिएको छ । मन्त्रिपरिषद्को बैठकले खानी प्रयोजनको लागि ७९.६१ हेक्टर जग्गा उपयोगका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को यो निर्णय आफैंमा विरोधाभास देखिएको छ । तत्कालीन केपी शर्माओली नेतृत्वको सरकारले गत भदौमै वनक्षेत्र प्रयोगका लागि स्वीकृति दिने प्रस्ताव अघि बढाएको थियो । तर, प्रस्ताव मन्त्रिपरिषद्को समितिमा विचाराधीन रहेकै अवस्थामा जेनजी आन्दोलन भएर नयाँ सरकार बन्यो । योसँगै सुशीला कार्की नेतृत्वको सरकारले यो प्रस्ताव पुनरावलोकन गर्न भन्दै वन मन्त्रालयमै फिर्ता पठाएको थियो । तर, मन्त्रालयले मन्त्रिपरिषद्बाट फिर्ता आएको प्रस्ताव फेरि जस्ताको तस्तै स्वीकृतिका लागि पठायो । अहिले मन्त्रिपरिषद्बाट हुबहु स्वीकृत भएको हो ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मंगलबार सार्वजनिक गरेको मन्त्रिपरिषद्को निर्णयमा वन मन्त्रालयको प्रस्तावमा चुनढुंगा, ग्रेनाइट र फलाम उत्खननका लागि यस्तो स्वीकृति दिएको जनाइएको छ । यसमध्ये शक्ति मिनरल्सलाई पाल्पा माथागढी-७ को २१.४१ हेक्टर, त्रिशक्ति होल्डिङ्सलाई चितवन राप्ती-१३ को २०.१४ हेक्टर, रिद्धिसिद्धि सिमेन्टलाई मकवानपुर भीमफेदी-७ को २१.६३ हेक्टर, बाबा माइन्स एण्ड मिनरल्सलाई मकवानपुर भीमफेदी-५ को ४.९९ हेक्टर तथा केके लाइम्स एण्ड इन्डस्ट्रिजलाई चुनढुंगा उत्खननका लागि उदयपुर चौदण्डीगढी-८ को २ हेक्टर वनक्षेत्र चुनढुंगा उत्खननका लागि प्रयोग गर्न स्वीकृति प्रदान गरिएको छ ।

त्यस्तै, बिग प्लस मिनरलसले ग्रेनाईट उत्खननका लागि मकवानपुर भीमफेदी-५ को ४.४८ हेक्टर तथा अन्नपूर्ण मिनरल्सलाई फलाम उत्खननका लागि मकवानपुर बागमती-६ को ४.९६ हेक्टर वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिने निर्णय भएको छ ।

**छ वर्षपछि वनक्षेत्र प्रयोगको स्वीकृति**

सिमेन्ट तथा फलाम खानीले विगत लामो समयदेखि वनक्षेत्रको जग्गा प्रयोग गर्न सरकारसँग अनुमति माग्दै आएका थिए । तर, विगत ६ वर्षदेखि यो प्रक्रिया रोकिएर बसेको थियो । राष्ट्रिय वनक्षेत्र प्रयोगसम्बन्धी मापदण्ड, २०७६ आएसँगै वनक्षेत्र प्रयोग गर्ने बाटो रोकिएर बसेको थियो ।

गत साउन १४ गते तत्कालीन ओली नेतृत्वको सरकारले मापदण्ड संशोधन गर्दै खानी प्रयोजनका लागि राष्ट्रिय वनको प्रयोग गर्न पाउने बाटो खुला गरेको थियो । योसँगै आठवटा कम्पनीले यस्तो क्षेत्र प्रयोगका लागि स्वीकृति माग गरेकोमा यसलाई स्वीकृतिका लागि मन्त्रिपरिषदमा पठाइएको थियो । अहिलेको सरकारले यही विषयलाई निरन्तरता दिँदै ७ वटालाई स्वीकृति प्रदान गरिएको वन मन्त्रालयका एक अधिकारीले बताए ।

अहिले स्वीकृति दिएका सबै खानीहरु महाभारत पर्वत श्रृंखलाअन्तर्गत् पर्छन् । खानीक्षेत्रको प्रयोग गरेबापत उद्योगले कटान भएको रुखबापत अन्य ठाउँमा रुख रोप्नुपर्ने र प्राकृतिक स्रोतको उपयोगबापत रोयल्टी तिर्नुपर्ने व्यवस्था छ ।

# साताव्यापी कार्यक्रमसहित जनप्रियको स्वर्ण महोत्सव सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ हेटौंडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) ले साताव्यापी कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाएको छ ।

एक समारोहबीच साताव्यापी कार्यक्रमसहित स्वर्ण महोत्सव सम्पन्न गरेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहन बस्ताकोटीको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा स्वर्ण महोत्सव भएको हो । स्वर्ण महोत्सवको अवसरमा विद्यालयले घोषणा गरेको अक्षयकोषमा ४० लाख रुपैयाँ सहयोग संकलन भएको छ । अक्षयकोषमा विद्यालयका शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समितिका पूर्वपदाधिकारी, पूर्वविद्यार्थी, सल्लाहकार, स्थानीय समाजसेवीले सहयोग गरेका छन् ।

करिब एक महिनाअघि देखि सुरु गरेको स्वर्ण महोत्सवको अवसरमा दुई साताअघि मात्रै अक्षयकोष स्थापना गर्न सहयोगका लागि आव्हान गरिएको थियो । अक्षयकोषमा सहयोग गर्नेलाई सोमबार स्वर्ण महोत्सवको अवसरमा कदर गरिएको थियो । विद्यालयका प्रधानाध्यापक भुपेन्द्र चौलागाईका अनुसार अझै सहयोग संकलनको कार्य जारी रहेकोले एक सातापछि अक्षयकोषमा ५० लाख रुपैयाँ पुग्ने विश्वास व्यक्त गरे ।

विद्यालयले गरिब, विपन्न र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने गरी अक्षयकोष स्थापना तथा सञ्चालनका लागि विधान तयार भएको उनको भनाइ छ । अक्षयकोषमा विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीबाटै ८ लाख रुपैयाँ सहयोग संकलन भएको छ । जनप्रिय माविले स्वर्ण महोत्सव स्तम्भ अनावरण गरेको छ । स्वर्ण महोत्सवको अवसरमा सहयोगी, पूर्वप्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीलाई सम्मान गरेको छ ।

विद्यालयले स्वर्ण महोत्सवको अवसरमा आयोजित साताव्यापी खेलकुद प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी, वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो ।

स्वर्ण महोत्सवकै अवसरमा जनप्रिय माविले विद्यालयको वृत्तचित्र तयार पारेको छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा २ हजार विद्यार्थी अध्ययनरत छन् । स्वर्ण महोत्सव समारोहमा शिक्षक सेवा आयोगका सदस्य रामशरण सापकोटा, वडाध्यक्ष राकृष्ण कोइराला र सुनिल मोक्तानको पनि आतिथ्य रहेको थियो ।

### थाहा-७ मा नयाँ वडा कार्यालय उद्घाटन

# 'यो जनताको घर हो'-मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/थाहा नगरपालिका-७ मा निर्मित वडा कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । मंगलबार एक समारोह बीच मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले भवनको उद्घाटन गरेका हुन् ।

भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले गाउँगाउँमा वडा कार्यालय बन्नु गणतन्त्रको प्रत्यक्ष उपलब्धि भएको बताए । यसले जनताको पहुँचमा सरकारलाई पुऱ्याएको उनको भनाई छ । मुख्यमन्त्री बानियाँले वडा कार्यालयलाई आमजनताको घरको रुपमा परिभाषित गर्दै कार्यालयको भवन जति सुन्दर र मजबुत बन्दै गएको उल्लेख गरे । अब आमनागरिकको घर पनि राम्रो बनाउन प्रदेश सरकार र स्थानीय सरकारबीच सहलगानी र सहकार्यका कार्यक्रम अघि बढाउन आफूहरु तयार रहेको उनले बताए ।

यस्तै, थाहा नगरपालिकाको क्षमता र सम्भावनालाई विशेषरुपमा उल्लेख गर्दै उनले कृषि र पर्यटनलाई प्राथमिकता दिएर प्रदेश सरकारले अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे । 'इन्द्रसरोबरको कुलेखानी क्षेत्र र थाहानगरलाई जोडेर बागमती प्रदेशकै पर्यापर्यटनको ठूलो योजना ल्याउँदैछौँ' भन्दै उनले प्रदेशकै पर्यटन विस्तारमा थाहानगर महत्वपूर्ण केन्द्र बन्ने



विश्वास व्यक्त गरे । गणतन्त्र र संघीयताबारे विभिन्न भ्रम फैलाइएका प्रसंगमा मुख्यमन्त्री बानियाँले, 'व्यवस्थामाथि भ्रामक प्रचार भइरहे पनि केही कमजोरीहरु हाम्रो पनि छन् तर, यो व्यवस्थाले राम्रो नलागे नेता नै बदल्न सकिने सर्वश्रेष्ठ अधिकार जनतामा दिएको छ' भन्दै जनताको शक्तिलाई नै गणतन्त्रको मूल सार भएको बताए ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तानले भवनले पूर्णता पाएसँगै सेवाग्राहीले बढी सहज र गुणस्तरीय सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरिन् । थाहा नगरप्रमुख बिष्णु बिष्टले जनप्रतिनिधिको अथक खटाइका कारण काम समयमै सम्पन्न भएको उल्लेख गर्दै सबैप्रति धन्यवाद ज्ञापन गरे । मुख्यमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार बुद्ध लामा, वडा नं. ८ का अध्यक्ष हेमकुमार थिङ, नेपाली काँग्रेस बागमती प्रदेश सदस्य पुरुषोत्तम ठकुरी, वाइसीएल मकवानपुर अध्यक्ष मुक्ती लामालगायत अतिथिले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रम वडा नं. ७ का अध्यक्ष शिवराज थिङको सभापतित्वमा सम्पन्न भएको थियो । नगर उपप्रमुख भरत गोपाली, वडा नं. ६ का अध्यक्ष राजनभक्त श्रेष्ठ, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्य लगायतको बिशेष आतिथ्यता रहेको थियो ।

# कैलाशमा लैङ्गिकहिंसा विरुद्ध १६ दिने अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकामा लैङ्गिकहिंसाविरुद्ध १६ दिने अभियान मंगलबारबाट कार्यक्रम सुरु भएको छ ।

प्रविधिको सहि प्रयोग गरौं लैङ्गिकहिंसा अन्त्य गरौं भन्ने नाराकासाथ कैलाश-९ स्थित कालिका माविमा कार्यक्रमको सुरुवात भएको हो । वडा नं. ९ का वडाध्यक्ष भूवनसिं घलानको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष मुक्तानले पछिल्लो समय प्रविधिको दुरुपयोगले हिंसाको घटनाको संख्या बढ्दो रहेको बताए । सामाजिक सञ्जाल दुरुपयोगले विभिन्न हिंसाको शिकार बालबालिका बनिरहेको अवस्थाका प्रविधिलाई सहि सदुपयोग गर्न उनले आग्रह गरेका छन् ।

साइवर अपराधले धेरै बालबालिका र युवा कैदी जीवन बिताउन बाध्य छन् । 'लागूऔषध प्रयोगकर्तामा बालबालिकाको संख्या बढिरहेको अवस्थामा बालबालिकालाई सचेत गराउनुपर्ने हामी सबैको दायित्व रहेको छ' उनले भने, 'प्रविधिको फाइदालाई लिने हो, बेफाइदा जति त्यागनुपर्छ ।' कार्यक्रममा वडाअध्यक्ष घलानले प्रविधिको सहि प्रयोग गर्न बालबालिकालाई आग्रह गर्दै दुरुपयोग हुँदा दण्डसजाय समेत हुने बताए । हिंसा र प्रविधिसँग जोडिएका विषयवस्तुबारे सहजीकरण पश्चात बालबालिकाले सोहीअनुरुप ग्रहण गरिदिन अध्यक्ष घलानले आग्रह गरेका थिए ।

कार्यक्रममा महिला तथा बालबालिका शाखाका प्रमुख रमिला सापकोटा, कालिका माविका प्रअ रामप्रसाद कालाखेती, प्रशिक्षक आशिष दुलाल, विद्यालयका शिक्षकको आतिथ्यता रहेको थियो । कार्यक्रममा विद्यालयका कक्षा ८ देखि १२ सम्मका विद्यार्थीको सहभागिता रहेको महिला तथा बालबालिका शाखाका प्रमुख सापकोटाले बताइन् । मंगलबार नै कैलाश-१० मा रहेको रत्नज्योति माविका विद्यार्थीलाई पनि हिंसा र प्रविधिको प्रयोगबारे जानकारी गराइएको उनले बताइन् । बुधबार कैलाश-३ को भवानी मावि र वडा ८ को धुवाङ मावि मा कार्यक्रम सञ्चालन गरिने सापकोटाले बताइन् ।

# मानव र वन्यजन्तु द्वन्द्व न्युनीकरण सम्बन्धी सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिकाले पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने वडाका स्थानीयलाई मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका बारेमा सचेतना प्रदान गरेको छ ।

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत् गाउँपालिकाले वन्यजन्तुले पुऱ्याउने मानवीय तथा भौतिक क्षति कसरी न्यूनीकरण गर्ने भन्नेबारे सचेतना कार्यक्रम गरेको हो । वन्यजन्तुबाट हुनसक्ने बाली, पशुपंक्षी क्षति न्यूनीकरण, बाली वा पशुपंक्षी क्षति भएमा राहत कसरी लिने, वन्यजन्तुको आक्रमणबाट स्थानीय घाइते वा मृत्यु भएमा राहत र उपचार सुविधा कसरी प्राप्त गर्नेलगायतका विषयमा स्थानीयलाई सचेतना प्रदान गरिएको गाउँपालिका विपद फोकल पर्सन ज्ञानेन्द्र ढकालले जानकारी दिए ।

गाउँपालिका वन तथा वातावरण समितिका संयोजक एवम् वडा नम्बर ९ का अध्यक्ष राजकुमार श्रेष्ठको संयोजकत्वमा मंसिर १२ गते १ र २ नम्बर वडाका स्थानीयबीच कार्यक्रम आयोजना गरिएको थियो भने मंसिर १५ गते ५ नम्बर वडामा कार्यक्रम राखिएको थियो ।

६ र ७ नम्बर वडालाई समेटी मंगलबार ६ नम्बर वडामा सचेतना कार्यक्रमको आयोजना गरिएको थियो । १ नम्बर वडामा वडाध्यक्ष शिवप्रसाद खनाल, ५ नम्बर वडामा वडाध्यक्ष दीपेन्द्र अधिकारी र ६ नम्बर वडामा वडाध्यक्ष युवराज थपलियाको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा कार्यपालिका सदस्य, वडासदस्य, टोल विकास समिति, वन समिति, उपभोक्ता र किसानलगायतको सहभागिता रहेको थियो । सचेतना कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्ज लामिटार पोष्टका संरक्षण अधिकृत मनोजकुमार मण्डलले प्रशिक्षण दिएका थिए । गाउँपालिकाले अन्य वडामा पनि यो कार्यक्रमलाई निरन्तरता दिने जनाइएको छ ।

# हेटौंडामा 'समुदाय-प्रहरी साझेदारी कार्यक्रम'




साझाकुरा संवाददाता

हेटौंडा, १६ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले 'समुदाय-प्रहरी साझेदारी कार्यक्रम' अन्तर्गत हेटौंडा उपमहानगर पालिका-४ स्थित ब्रह्मदिक एकेडमीका कक्षा ९ का विद्यार्थीलाई लक्षित गर्दै 'प्रहरीसँग १ दिन' कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त कार्यालयप्रमुख प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले प्रहरीले सञ्चालन गर्ने नियमित कार्यप्रणाली, शान्तिसुरक्षा कायम राख्ने विधि, अपराध नियन्त्रणका उपाय तथा हाल बढ्दै गएको साइबर अपराधका जोखिम र रोकथामका उपायबारे प्रशिक्षण प्रदान गरेका थिए । विद्यार्थीलाई प्रहरीको दैनिक गतिविधिबारे प्रत्यक्ष बुझाउने उद्देश्यले कार्यालयअन्तर्गतका विभिन्न शाखाहरुको अवलोकनसमेत गराइएको थियो । यस्ता कार्यक्रमले विद्यार्थीमा सुरक्षा सचेतना, कानूनी ज्ञान र समुदाय-प्रहरी सहकार्य प्रवर्द्धन हुने प्रहरी कार्यालयले जनाएको छ ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुयाउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

*कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं*

नेपाल सरकार
विज्ञापन बोर्ड



## २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

**साधारण सभा हुने :**
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरू:**

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यादिश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट:** २०८१ सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोरा छोरीहरुलाई पुरस्कृत गरिने हुदा मिति २०८२/०९/१५ गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना